# फरवार्ड सन्देश

त्रैमासिक बुलेटिन २०८२ कार्तिक–पुस वर्ष १९ अङ्क ३


## फरवार्डको पहिलो त्रैमासिक समीक्षा गोष्ठी सम्पन्न



फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, दुहबीको आ.व.२०८२/२०८३ को पहिलो कार्य प्रगति समीक्षा २०८२ मङ्सिरमा सम्पन्न भएको छ। उक्त गोष्ठीमा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री रामदयाल राजवंशीले लघुवित्त कार्यक्रमको माध्यमबाट लघुवित्तका ग्राहक सदस्य परिवारको आर्थिक स्तर उकास्न महत्वपूर्ण भूमिका खेलेको कुरा बताउँदै यस कार्यक्रमलाई अझ गसशक्त ढङ्गले विपन्न परिवारको घरदैलोमा पुऱ्याउन गोष्ठीका सहभागी कर्मचारीहरूलाई निर्देशन दिनुभएको थियो ।

गोष्ठीको आरम्भमा वित्तीय संस्थाका नायव प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद भट्टराईले विभिन्न सूचकका आधारमा वित्तीय संस्थाले सञ्चालन गरेको लघुवित्त कार्यक्रमको आ.व.२०८२/०८३को पहिलो त्रैमासिकको प्रगतिका बारेमा प्रष्ट पार्नुभएको थियो ।

मुख्य प्रबन्धक हिरा थन्दारका अनुसार २०८२ असोज मसान्तसम्म वित्तीय संस्थामा बचतकर्ता सदस्यको सङ्ख्या २ लाख ८४ हजार १८८ पुगेको छ भने ऋणी सदस्यको सङ्ख्या १ लाख २५हजार २४८ पुगेको छ ।

त्यसै गरी आ.व.२०८२/०८३ को पहिलो त्रैमासिकसम्ममा वित्तीय संस्थामा ग्राहक सदस्यहरूको बचत १० अर्ब ३४ करोड ४६ लाख ९५ हजार पुगेको छ भने लगानीमा बाँकी रहेको कर्जामा २१ अर्ब ९७ करोड ५० लाख ३० हजार पुगेको छ । आ.व.२०८२/०८३ को पहिलो त्रैमासिकसम्म यस वित्तीय संस्थाले १५९ शाखा कार्यालयअन्तर्गत् ४० जिल्लाको ३८२ स्थानीय तहमा सेवा विस्तार गरेको छ भने १९ हजार २७४ केन्द्रमार्फत् आफ्ना ग्राहक सदस्यहरूलाई लघुवित्त सेवा प्रदान गरेको छ ।

गोष्ठीमा आ.व.२०८२/०८३ को बाँकी अवधिमा वित्तीय संस्थाबाट प्रदेश तथा शाखालाई दिइएको वित्तीय लक्ष्य पुरा गर्ने प्रतिबद्धता जारी गरिएको थियो ।

सोही गोष्ठीमा फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय धनुषाका प्रमुख अजयकुमार यादवको असामयिक निधन भएकामा दिवंगत आत्माको चिर शान्तिको कामनाका भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नाका साथै शोकसन्तप्त परिवारमा समवेदना प्रकट गरिएको थियो ।

## फरवार्डको आयोजनामा निःशुल्क आँखा शिविर

फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडले सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्रममा हालै मोरङ जिल्लाको नेताचौक, ग्रामथान, बाहुनी बजार, अमरदह तथा सुनसरी जिल्लाको भुटाह बजारमा शिविर सम्पन्न भएको थियो । उक्त शिविरमा वित्तीय संस्थाका ग्राहक सदस्य तथा स्थानीय ५७६ भन्दा बढी बिरामीहरूले निःशुल्क आँखा परीक्षण, परामर्श तथा आवश्यक उपचार सेवा प्राप्त गरेका छन् । परीक्षण पश्चात् ९० बिरामीहरूलाइ मोतिया बिन्दुको शल्यक्रिया गर्न रामलाल गोल्छा आँखा अस्पताल विराटनगरमा पठाइएको थियो ।



## ऋण(कर्जा) लिनु अघि ध्यान दिनुपर्ने कुरा के के हुन् ?

**(क) ब्याजदर :** हामीले जस्तो ऋण लिए पनि त्यससँगै तिर्नुपर्ने ब्याजको हिसाब राख्नुपर्छ। ब्याजदर यस्तो महत्वपूर्ण पक्ष हो जसले ऋण चुक्ता गर्ने बेलामा जम्मा रकम कति बुझाउने भन्ने निर्धारण गर्छ। त्यसैले ऋण लिँदा कति ब्याजदर पर्छ भनेर तपाईंले थाहा पाउनुहोस्।

**(ख) ऋणको अवधि :** ऋण चुक्ता गर्ने समयावधिले पनि ऋण चुक्ता गर्दा मासिक वा त्रैमासिक साँवा ब्याजको लागि कति रकम लाग्छ भन्ने कुरा निर्धारण गर्छ। त्यसैले, ऋण कति अवधिमा तिरिसक्नुपर्ने हो र एक पटक किस्ता तिर्दा कति तिर्नुपर्छ भन्ने विषयमा ऋण लिनुअघि नै प्रष्ट हुनुहोस्।

**(ग) आफ्नो आर्थिक स्थिति :** ऋण लिनुअघि सोच्नुपर्ने सबैभन्दा महत्वपूर्ण कुरा आफ्नो आर्थिक स्थिति हो। आफ्नो आर्थिक स्थिति मूल्याङ्कन गरेर साँवा, ब्याज र अरू शुल्कहरू तिर्न सकिन्छ भने मात्र ऋण लिनुहोस्। यसो गर्नाले ऋण तिर्न नसक्ने जोखिमको मात्रा पनि कम हुन्छ।



## ऋण(कर्जा) को सदुपयोग गर्दा के हुन्छ ?

ऋणको सदुपयोगले जीवन सहज हुनाका साथै व्यापार र व्यवसाय वृद्धि हुँदै जान्छ। उत्पादनमूलक कार्यका लागि नाफा र खर्चको हिसाब गरेर मात्र ऋण लिनु पर्दछ। अनुत्पादनमूलक कामका लागि ऋण लिँदा ऋण तिर्न नसकी धितो जफत हुनाका साथै आफ्नो आर्थिक स्थिति पनि कमजोर भएर जान्छ।

| ऋणको सदुपयोग | ऋणको दुरुपयोग |
|---|---|
| १. मनमायाले २ वर्ष अगाडि लघुवित्त संस्थाबाट केही रकम ऋण लिएकी थिइन्। ऋणको सदुपयोग गर्दै उसले आफ्नो उद्देश्य अनुसार आफ्नो घरमा गाई पाल्न थालिन्। गाई ब्याए पछि दूध बेचेर प्राप्त भएको आम्दानीबाट मनमायाले नियमित रूपमा ऋणको किस्ता तिरिन्। | १. फूलकुमारीले एक वर्ष अगाडि पैतृक सम्पत्ति धितो राखी बैंकबाट ऋण लिएकी थिइन्। आफन्तको करकाप र अरूको देखासिकी गर्दा ऋण लिएको सबै रकम उनले छोरीको गुन्युचोली र छोराको व्रतबन्धमा खर्च गरिन्। नियमित आम्दानी नहुने भएकाले फूलकुमारीसँग ऋण चुक्ता गर्ने कुनै वित्तीय योजना थिएन। |
| २. दुधका साथै गोबरमल पनि बेचेर प्राप्त आम्दानीले आफ्ना दुई छोरीहरूलाई शैक्षिक गुणस्तरीय स्कुलमा पढाइरहेकी छन्। | २. अरू स्रोतबाट भएको आम्दानीले ऋणको ब्याज तिर्दा फुलकुमारीको पारिवारिक स्थिति बिग्रँदै गयो। ऋणको ब्याज तिर्नलाई उनले अरू ठाउँबाट पनि ऋण लिइन्। |
| ३.आम्दानी बढेको कारण मनमायाको परिवार पहिलाभन्दा पोसिलो खाना खान्छन्। त्यसले उनीहरू स्वस्थ, फुर्तिला एवम् खुशी छन्। बिरामी उपचारमा खर्च गर्नुपरेको छैन। | ३. ऋणको ब्याज समयमा नतिरेको कारणले बैंकले फुलमायाको जग्गा लिलाम गरिदियो। फुलमायासँग अब ऋण लिन कुनै धितो छैन र गाउँका बैंकहरूले पनि फुलमायालाई विश्वास गर्न छाडे। |

## केन्द्र परिचय :- शान्ति महिला बचत समूह, चिमडी, सुनसरी

कोशी प्रदेशअन्तर्गत पर्ने सुनसरी जिल्लाको गढी गाउँपालिका वार्ड नं.४, दिघीया टोल अवस्थित महिला दिदीबहिनीहरु आवद्ध शान्ति महिला बचत समूहको स्थापना वि.सं.२०६८ फागुन १ गते केन्द्र नं.३७ का रूपमा भएको हो। यो केन्द्र फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तिय संस्था लि. शाखा कार्यालय चिमडीबाट पाँच कि.मी.उत्तरमा पर्दछ।

वि.सं.२०८२ पुस मसान्तसम्म यस शान्ति महिला बचत समूहमा विपन्न परिवारका १९ महिला दिदीबहिनीहरु आवद्ध रहेका छन्। हाल १५ जना ऋणी सदस्यबाट बुझाउन बांकी रहेको कर्जा रु.२१ लाख ४२ हजार रहेको छ। यस केन्द्रमा सदस्यको औसत कर्जा रकम रु. १ लाख १३ हजार रहेको छ। केन्द्रमा आवद्ध महिला दिदीबहिनीका परिवारका सदस्यहरु मुख्य गरी तरकारी खेती, किराना पसल, पशुपालन, ( बाखा, गाईभैंसी) आदि व्यवसायमा संलग्न छन्।

यस केन्दमा सवैभन्दा बढी कर्जा परिचालन गर्ने सदस्य जितनारायण मण्डल हुनुहुन्छ। उहाँले कृषि तथा साना व्यवसाय सञ्चालन गर्नुभएको छ।

उहाँ भन्नुहुन्छ, "हामीले आआफ्नो रुचि, क्षमता, अनुभवअनुसार कृषि व्यवसाय गरेर जीवन राम्रोसंग चलाएका छौं , नियमित किस्ता तिरेका छौं। परिवार खुसी र सुखी छन्।" आफ्नो मिहिनेत, पेशाप्रति इमानदारिता तथा परिवारको साथसहयोग भए कुनै पनि व्यवसायमा सफलता हासिल गर्न सकिन्छ भन्ने उहाँको विश्वास छ। उहाँहरूले नियमितका साथै दीर्घकालीन बचत पनि गर्नुभएको छ।

यस केन्द्रमा १९ सदस्यको जम्मा वचत रु ९ लाख ६ हजार वचत रहेको छ जुन प्रति सदस्य औसत रु.४८ हजार रहेको छ। बचत र ऋणको अनुपात ४२ प्रतिशत रहेको छ। शाखा प्रमुख सिमला कुमारी चौधरी भन्नुहुन्छ, "गाउँघरमा आर्थिक क्रियाकलाप क्रमश: वृद्धि हुँदै गरेको छ र सदस्यहरूमा पनि भविष्यमा आर्थिक रूपमा मजबुत होस् भनेर बचत गर्नुपर्छ भन्ने चेतना बढ्दै गएकाले बचतको अनुपात पनि बढ्दै जाने आशा गर्नसकिन्छ।" सदस्य र ऋणीको अनुपात ७९ प्रतिशत रहेको छ। अहिले आर्थिक कारोबार बढ्दै गएकाले कर्जा माग भइरहेको र आगामी दिनमा ऋणी सदस्यहरु बढ्दै जाने विश्वास फिल्ड कर्मचारी जयन्ती कमारी माझीको रहेको छ।



यस शान्ति महिला बचत समुह शाखा कार्यालय चिमडीको एउटा उत्कृष्ट केन्द्र मध्ये एक हो। यस केन्द्रका केन्द्र प्रमुख सुनिताकुमारी मण्डल भन्नु हुन्छ " फरवार्ड लघुवित्तले हामीलाई कर्जा वचत, विमाको कारोबार गराउँदै आएको छ र सिपमूलक तालिम पनि दिंदै आइरहेको छ। लघुवित्त कार्यक्रमले आत्मनिर्भर बनाएको कारण हामी खुशी छौं।"

फिल्ड कर्मचारी जयन्ती कमारी माझी भन्नु हुन्छ "यस केन्द्रका सदस्यहरु अनुशासित, सामुहिक उत्तरदायित्वलाई पालना गर्ने, आफ्नो क्षमता अनुसार कर्जा परिचालन गर्ने, त्यसको सही सदुपयोग गर्ने, नियमित किस्ता तिर्ने असल स्वभावका हुनुहुन्छ। सदस्यहरूमा सकारात्मक सोच रहेकाले फरवार्ड लघुवित्त संस्था र सदस्यबिचको सम्बन्ध सुमधुर रहेको छ।"

## शाखा परिचय :- देवानगन्ज शाखा, सुनसरी

फरवार्ड माईक्रोफाईनान्स लघुबित्त बित्तीय संस्था लिमिटेडको शाखा कार्यालय देवानगन्ज, कोशी प्रदेशअन्तर्गत सुनसरी जिल्लाको देवानगन्ज गाउँपालिका वडा नं. २, बजारमा अवस्थित छ । यो कार्यालय इनरुवाबाट १९ किलोमिटर दक्षिणमा पर्छ ।

देवानगन्ज शाखाको स्थापना वि.सं.२०६३ कात्तिक १५ गते भएको थियो । हाल यस शाखाको कार्यक्षेत्र देवानगन्ज गाउँपालिकाका अतिरिक्त, हरिनगर गाउँपालिका र बर्जु गाउँपालिकासम्म फैलिएको छ ।

यस शाखा कार्यालयका प्रमुख जयप्रकाश राय हुनुहुन्छ । अन्य कर्मचारीहरुमा वरिष्ठ सहायक जानकी चौधरी, सहायक रिनाकुमारी चौधरी, कनिष्ठ सहायक धीरेन्द्रकुमार यादव, विभाकुमारी यादव तथा वाहक जानकी चौधरी कार्यरत हुनुहुन्छ ।

फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्थाका शाखाहरुमध्ये वित्तीय सूचकहरूका आधारमा देवानगन्ज शाखा उत्कृष्ट कार्यालयमा पर्दछ । २०८२ असोज मसान्तसम्म यस संस्थाको १०६ केन्द्रका २ हजार ५ सय ६२ सदस्यहरुसँग लघुवित्त कारोबार गर्दै आइरहेको छ । तीमध्ये १ हजार २ सय ७५ ऋणी सदस्यहरुलाई बिना धितो सानो तथा धितो जमानीमा ठुलो कर्जा प्रदान गरेर आत्मनिर्भर साथै उद्यमी बनाएको छ । यहाँ कुल सदस्यमा ऋणी ४९.७७ प्रतिशत रहेको देखिन्छ । शाखा प्रमुख जयप्रकाश राय भन्नुहुन्छ "सदस्यहरुको व्यावसायिक योजना र त्यसको औचित्यका आधारमा कर्जा बढाउदै जाने लक्ष्य लिएका छौँ । त्यसैले आगामी दिनमा ऋणी संख्या पनि बढ्दै जाने विश्वास छ ।" यस कार्यालयले १ अर्ब ४ करोड ३४ लाख २० हजार लगानी गरिसकेको छ जसमा लगानी बाँकी रु.२६ करोड ६७ लाख ८८ हजार रहेको छ । यस शाखामा सदस्यहरूले रु ११ करोड, ८२ लाख ५८ हजार बचत गरेका छन् । यो रकम उनीहरुले गरेको अनिवार्य बचत, ऐच्छिक बचत र दीर्घकालीन बचतको कुल योग हो । बचत र ऋणको अनुपात ४४.३३ प्रतिशत रहेको छ । कार्यालय प्रमुख जयप्रकाश रायका अनुसार सदस्यहरुको आर्थिक कारोबार क्रमशः बढ्दै गएकाले बचत पनि बढ्दै जाने आशा व्यक्त गर्नुहुन्छ ।

यस शाखामा कार्यालय प्रति फिल्ड सहायक औसत सदस्य ६ सय ४१ तथा औसत ऋणी ३ सय १९ रहेको छ । त्यसै गरि यस शाखाको प्रति फिल्ड कर्मचारी औसत कर्जा रु ६ करोड ६६ लाख ९७ हजार रहेको छ ।




शाखा प्रमुख जयप्रकाश रायका अनुसार विगत २० वर्षदेखि सञ्चालित यस शाखाको कार्यक्षेत्रका महिला दिदीबहिनीहरू विशेषत: कृषि क्षेत्रमा आधारित माछा, गाई, भैंसी, बाखापालन, तरकारी खेतीका साथै किराना पसलमा संलग्न छन् । उनीहरूलाई उद्यमी बनाउँदै आन्तरिक स्वरोजगार सिर्जना गर्ने काममा यस शाखाका कर्मचारीहरू प्रतिबद्ध छन् । कार्यालयमा नियमित रूपमा सदस्य लक्षित बचत कर्जा विप्रेषण आदि जस्ता सेवाहरु सञ्चालन गरिन्छन् । वित्तीय साक्षरता कार्यक्रममार्फत ग्राहक तथा जनसमुदायमा लघुवित्त कार्यक्रमप्रति सकारात्मक दृष्टिकोण बढाउने काम भएको छ । यसको परिणाम स्वरूप प्रभावकारी ऋण असुलीमा कर्मचारी सफल भएका छन् । विगतमा पटकपटक यो शाखा विभिन्न सूचकका आधारमा केन्द्रीय कार्यालयबाट पुरस्कृत भइसकेको छ ।

## कार्यक्रम प्रगति विवरण २०८२ पुस मसान्तसम्म (रु.हजारमा)

| सि.नं. | विवरण | २०८२ पुस मसान्तसम्म |
|---|---|---|
| १ | जिल्ला | ४० |
| २ | शाखा कार्यालय | १५९ |
| ३ | केन्द्र | १९,२८७ |
| ४ | कुल सदस्य संख्या | २८४,०५७ |
| ५ | कुल ऋणी संख्या | १२२,९३८ |
| ६ | कुल लगानी | १६०,९३४,१३८ |
| ७ | लगानीमा बाँकी रहेको कर्जा | २२२,४१२,३४ |
| ८ | कुल बचत | १०७,३६९,७७ |

### फरवार्डद्वारा सञ्चालित विविध कार्यक्रमका झलक









**सफलताका कथाहरु :**

## पशुपालन व्यवसाय छौं

**विद्याकुमारी चौधरी, ३३ वर्ष ।**

मेरो घर इटहरी उपमहानगरपालिका वार्ड नं.३ कल्याण चोकमा पर्छ । म फरवार्ड लघुवित्त संस्था तरहरा शाखा, केन्द्र नं.३३ की प्रमुख पनि हुँ । म १५ वर्षदेखि लघुवित्त कार्यक्रममा संलग्न छु । पुर्ख्यौली जमिनमा सामान्य खेतीकिसानीबाट जेनतेन घरव्यवहार चलाइरहेका थियौं । छोराछोरीको लालनपालन र शिक्षादीक्षा सोचेजस्तो हुनसकेको थिएन ।

२०६७ सालमा हाम्रो गाउँटोलमा फरवार्ड संस्थाको तरहरा शाखाले लघुवित्त कार्यक्रम लिएर आयो । अरु महिला दिदीबहिनीसँगै म पनि संस्थाको केन्द्र नं.३३ को सदस्य बनें । परिवारको सल्लाहमा पहिलो पटक रु.२० हजार ऋण लिएर किराना पसल सुरु गरें । पसल राम्रै चल्न थायो । ऋणको किस्ता तिर्दै बचत पनि गर्दै गएँ । खेतबारीमै रमाउने हामीलाई गाइभैंसी पाल्ने खुब इच्छा थियो । त्यसैले फरवार्डबाटै ऋण थपेर ३ वर्षदेखि गाईभैंसी पाल्न थाल्यौं । परिवारको साथसहयोगले गर्दा नै होला अहिले हाम्रो गोठमा ८ गाई र ११ भैंसी छन् । आफ्नो १० कट्ठा जग्गामा कम्पोस्ट गड्यौंला मल उत्पादन गरेर बिक्री पनि गर्ने गरेका छौं । दुई जनालाई रोजगारी दिएका छौं । दैनिक ७०देखि ८० लिटर दुध स्थानीय बजारमै बेच्छौं । खर्च कटाएर वार्षिक दुईदेखि तीन लाख आम्दानी हुन्छ । छोरीछोरीले उच्च शिक्षा प्राप्त गरिसकेका छन् । श्रीमान्ले फार्मेसी पसल पनि खोल्नुभएको छ । लघुवित्त कार्यक्रमकै सहयोगकै कारण व्यवसाय बढाउने अवसर आएको हो भन्ने लाग्छ ।



## पशुपालनमा भविष्य खोज्दै छु



**सङ्गीता बुढाथोकी, ३८ वर्ष ।**

घर दमक नगरपालिका वार्ड नं.१ बुद्धटोलमा पर्छ । फरवार्ड लघुवित्त संस्थाको सदस्य भएको पनि १५ वर्षभन्दा बढी भइसकेछ । पहिले हाम्रो आर्थिक अवस्था राम्रो थिएन । व्यापार व्यवसाय केही थिएन । घरव्यवहार चलाउन धौधौ नै थियो । केही गरौं न त भन्दा पैसा नै चाहिने रहेछ, अनि ऋण खोजौं भने हामी गरिबलाई कसले पत्याउने ? हामी गरिबसँग हुने कुरा चाहिँ इमान मात्रै रहेछ ।

१५ वर्षअघि हाम्रो गाउँमा फरवार्डका सरमिस आएर हामीलाई लघुवित्तका बारेमा बुझाउन आउँदा हामीलाई त ढुङ्गा खोज्दा देउता भेटाए जस्तै भयो । उहाँहरुले हामीलाई ऋण मात्र दिनुभएन त्यसलाई कसरी सदुपयोग गर्ने भनेर शिक्षा पनि दिनुभयो । मैले चाहिँ घरसल्लाह गरेर बङ्गुर पाल्नलाई नै भनेर रु.५० हजार ऋण लिएँ । बङ्गुर पाल्दै गएँ, त्यसका पाठाहरु पनि बेच्न थालें । आम्दानी बढ्दै गयो । ऋणको किस्ता तिर्दै बचत पनि गर्दै गएँ । त्यसपछि गाई पाल्दै दुध बेचेर आम्दानी पनि बढाउन थालें । पहिले पेट पाल्ने उपायका लागि सुरु गरेको बङ्गुर पाल्ने काम अहिले हाम्रालागि दिगो व्यवसाय नै बनेको छ । अहिलेसम्म यस संस्थाबाट १० पटक ऋण लिइसकेकी छु । यही व्यवसायकै आम्दानीले जग्गा खरिद गरेर पक्की घर बनाएका छौं । छोराछोरी उच्च शिक्षाका लागि युरोप पठाएका छौं । लघुवित्त कार्यक्रम हाम्रो उन्नतिको ठूलो आधार बनेको छ ।

## सफलताका कथाहरु :

### निजी विद्यालय सञ्चालक भएकी छु

**सुनिता खवास, ३८ वर्ष ।**

मेरो घर सुन्दरहरैंचा नगरपालिका वार्ड नं.१ पचाम, मोरङमा पर्छ । फरवार्ड लघुवित्त संस्थामा जोडिएको ६ वर्षभन्दा बढी भयो । यस संस्थामा आबद्ध हुनुभन्दा अघि हाम्रो परिवारको आर्थिक अवस्था त्यति राम्रो थिएन । पारिवारिक र सामाजिक व्यवहार टार्न साह्रै समस्या हुन्थ्यो । ६ वर्षअघि फरवार्ड लघुवित्त संस्थाको बेलबारी शाखाबाट सरमिसहरू हाम्रो टोलमा लघुवित्त कार्यक्रम लिएर आउनुभयो । हामीलाई यस कार्यक्रमले राम्रै हुन्छ भन्ने लाग्यो, त्यसपछि बेलाबारी शाखाको २० नं.केन्द्रका रूपमा गठन भयो र हामीले पनि यही कार्यक्रममा आबद्ध भएरआफ्नो आर्थिक अवस्था मजबुत तुल्याउने अठोट लियौँ । पहिलो पटक रु.३ लाख ऋण लिएर हामीले किराना पसलमा सुरु गऱ्यौँ । हामी श्रीमान्श्रीमती राम्ररी खट्यौँ। आम्दानी पनि बढ्दै गयो। साथीहरूसँग मिलेर हामीले निजी विद्यालय पनि खोल्यौँ । अहिले विद्यालय राम्ररी चलिरहेको छ। अहिले सम्म मैले ६ पटक ऋण लिइसकेकी छु। पछिल्लो समय रु.७ लाख ऋण लिएकी छु। स्टेसनरी पसल सुरु गरेका छौँ । अहिले किराना पसललाई कस्मेटिक पसल परिणत गर्दै फोटोकपी सेवा पनि उपलब्ध गराएका छौँ। सेवा पाएर गाउँलेहरू पनि खुसी छन्। आफ्नो व्यवसायबाट जग्गा खरिद गरेका छौँ । अहिले हाम्रो आर्थिक अवस्था राम्रो छ। छोराछोरी राम्रै पढिरहेका छन् । म एक वर्षदेखि केन्द्र प्रमुखको जिम्मेवारी बहन गरेकी छु । केन्द्रका महिला दिदीबहिनी पनि खुसी छन् ।




### साना कर्जाबाट आत्मनिर्भर उद्यमीसम्म



**सरस्वतीदेवी मुखिया, ४६ वर्ष ।**

मेरो घर गढी गाउँपालिका वार्ड नं.२, औरावनीमा पर्छ। १९ वर्षदेखि म लघुवित्त संस्थामा आबद्ध छु। त्यतिबेला हाम्रो आर्थिक अवस्था निकै कमजोर थियो । श्रीमान् उपेन्द्र मलाहा अरुकोमा मजदुरी गर्नुहुन्थ्यो । घरपरिवारका अरुले पनि जनीबनी गर्नुपर्थ्यो । आयआर्जनको कुनै स्थायी स्रोत थिएन । हाम्रो गाउँघरमा फरवार्ड लघुवित्तले हामीजस्तालाई आम्दानी बढाउने गरी केही गर्नका लागि ऋण दिन्छ भन्ने सुनेकी थिएँ। म पनि टोलकै दिदीबहिनीसँग लागेर फरवार्डको औरावनी शाखाको केन्द्र नं.४ मा सदस्य बनेँ।

ऋण लिएर पछि आम्दानी हुने ठाउँमा लगानी गर्नुपर्छ भनेर फरवार्डको सरमिसले हामीलाई सिकाउनुभएको थियो। घरसल्लाहमा मैले रु.७ हजार ऋण लिएर गाईको बाछी पाल्न थालेँ। यसरी पशुपालन गर्दै विक्री गर्दै पाएको आम्दानीले किस्ता तिर्दै बचत पनि गर्दै गएँ। समय क्रमसँगै केही फरक व्यवसाय गर्ने श्रीमान् र छोराको इच्छा भएपछि हामीले रु.७ लाख ऋण लिएर घरमै शम्भु पाउरोटी उद्योग खोल्यौँ । हाम्रा उत्पादनहरू स्थानीय हाटबजारमा विक्री हुने गरेका छन्। अहिले दुई जनाले उद्योगमा रोजगारी पाएका छन् भने बजार व्यवस्थापनमा ४ जना खटिएका छन्। व्यवसायको आम्दानीले किस्ता तिर्दै खेत र घडेरी पनि जोडेका छौँ । कान्छो छोराले वैदेशिक रोजगारबाट मासिक रु.४०-५० हजार पठाउने गरेका छन् । पक्की घर बनाएका छौँ । लघुवित्तले हामीलाई खुसी बनाएको छ ।

## फरवार्डद्वारा सञ्चालित वित्तीय साक्षरता कार्यक्रमका झलक














# के तपाईलाई थाहा छ ?

यस संस्थाले आफ्ना १५५ शाखामार्फत् नेपालका २ लाख ८४ हजारभन्दा बढी विपन्न परिवारलाई बचत, कर्जा, विप्रेषण (रेमिटान्स) लगायतका लघुवित्त सेवा प्रदान गरिरहेको छ। संस्थाले प्रदान गर्ने लघुवित्त सेवाका बारेमा कुनै जिज्ञासा वा गुनासो भए नजिकैको शाखा अथवा ०२५-५४००१८ वा ०२५-५४१४८३ मा सम्पर्क गर्न अनुरोध गर्दछौं।



**FORWARD** फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत-पत्र प्राप्त वित्तीय संस्था-(राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालय** : दुहबी-५, सुनसरी

फोन नं.: ०२५-५४२०१८, फ्याक्स नं. ०२५-५४३४८३

**सम्पर्क कार्यालय**: इमाडोल, महालक्ष्मी नगरपालिका-४, ललितपुर

फोन नं.: ०१-४११२१६२, फ्याक्स नं. ०१-४११२३१५

ईमेल : www.forwardmfbank.com.np